बैठक संख्या: ५४ मिति: २०८२।०६।३० समय: विहान ११:०० बजे

आज मिति २०८२।०६।३० गते गुराँस गाउँपालिका दैलेखको ५४ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

<u>तपसिल:</u>

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री डिनायट घर्ती | - प्रमुख प्रशासकीय अधिकृत (सचिव) |

<u>सहयोगी कर्मचारी</u>

| | |
|---|---|
| १. मदन प्रकाश मल्ल | शाखा अधिकृत |
| २. दिपक के.सी. | वरिष्ठ लेखा अधिकृत |
| २. खेमराज उपाध्याय | वरिष्ठ प्रशासन सहायक |
| ३. पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ४. खगीसरा बि. क. | कार्यालय सहयोगी |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. स्थानीय राजस्व परामर्श समितिको निर्णय सम्बन्धमा।

३. विपद् व्यवस्थापनको लागि संरचना निर्माण सम्बन्धमा।

४. नवप्रर्वतन साझेदारी परियोजनामा योजनाको प्रस्ताव पेश तथा लागत साझेदारी सम्बन्धमा।

५. कर्मचारी, प्रहरीको इन्धन तथा सेवा संचालन सम्बन्धमा।

६. विद्यालय कर्मचारी, बाल विकास कर्मचारीहरुको तलब भत्ता तथा अन्य भुक्तानी सम्बन्धमा।

७. अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी पत्र सम्बन्धमा।

८. गुराँस सामुदायिक विद्युतीकरण व्यवस्थापन सम्बन्धमा।

९. लोपोन्मुख राउटे समुदायको नागरिकता सम्वन्धमा।

१०. विविध।

क) धन्यवाद सम्बन्धमा।

ख) स्वास्थ्य लाभको कामना।

ग) स्वतः प्रकाशन संस्वन्धमा।

घ) दिर्घ रोगी सम्बन्धी बजेट कार्यान्वयन सम्बन्धमा।

ङ) LGPAS सम्बन्धी पूर्व तयारी सम्वन्धमा।

च) ज्येष्ठ नागरिक समाज सम्बन्धमा।

छ) आर्थिक सहयोग सम्बन्धमा।

ज) सडक कार्यदलको रकम भुक्तानी सम्बन्धमा।

झ) वित्तीय संस्थाहरुको साझेदारी अनुदानको अनुगमन समिति गठन सम्वन्धमा।

ञ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा प्रगति प्रतिवेदन पेश गर्ने।

**निर्णयहरु:**

**निर्णय नं. १.** अघिल्लो बैठकका अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २.** स्थानीय राजश्व परामर्श समितिको मिति २०८२।०६।३० गते बसेको बैठकको निर्णय अनुमोदन गरी यस पालिका अन्तर्गत रहेका लोहोरे खोला कर्णाली नदीको बगरबाट र पराजुली खोला, सिस्ने खोला, थाके खोला र पैते खोला बगरबाट नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) उत्खनन, संकलन, बिक्री वितरण तथा व्यवस्थापनको लागि IEE (प्रारम्भिक वातावरणीय परीक्षण) प्रतिवेदनमा उल्लेख भए बमोजिम हुने गरी टेक्का आह्वान गर्ने निर्णय गर्ने।

CamScanner

**निर्णय नं. ३)** विपद व्यवस्थापनका लागि पालिका भवन ब्लक ख को उत्तर पट्टी प्राविधिक लागत अनुमानका आधारमा कार्यालयलाई प्राप्त सामाग्रीबाट विपद् व्यवस्थापन अस्थायी संरचना निर्माण गर्ने र उक्त रकम ***विपद् व्यवस्थापन कोष*** शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने।

**निर्णय नं. ४)** नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि, २०८२ तथा प्रदेश कार्यक्रम सहयोग इकाई कर्णाली प्रदेश सुर्खेतबाट प्रकाशित हुने सूचना बमोजिम कर्णाली प्रदेश मै पहिलो गुराँस डाटा सेन्टर तथा आइटी पार्क सम्बन्धी आधारभूत पूर्वाधार तयार गर्ने सम्बन्धी साझेदारी प्रस्ताव पेश गर्ने।

**निर्णय नं. ५)** कार्यालयको आवश्यकता र सेवा प्रवाहलाई चुस्त दुरुस्त राखि कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न प्रोत्साहान गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउन गुराँस गाउँपालिकाको कार्य संचालन निर्देशिका २०७९ बमोजिम इन्धन तथा मर्मत सुविधा उपलब्ध गराउने। साथै पालिकाको शान्ति सुरक्षामा प्रभावकारिता ल्याई नागरिकको जिउँ धनको सुरक्षाको लागि पालिका भित्र खटिने प्रहरीहरुको सेवा संचालनमा सहजिकरण गर्नको लागि यस पालिका अन्तर्गत रहेका प्रहरी चौकिहरुलाई नियमित मासिक रुपमा २० लिटर इन्धन र आवश्यकता अनुसार सवारी साधन मर्मत को लागि ***नगर प्रहरी तथा सुरक्षा व्यवस्थापन*** शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. ६)** गत आ.व.को विद्यालय कर्मचारी, बाल विकास कर्मचारीहरुको तलब भत्ता यस आ.व.को विनियोजित बजेट शिर्षक ***विद्यालयका करार शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता*** बाट भुक्तानी गर्ने।

**निर्णय नं. ७)** अर्थ मन्त्रालयको च. नं. ११६, २०८२।०६।०७ को निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रका सम्बन्धमा छलफल भई पालिकाको कामकाज सेवा प्रवाहमा असर नपर्ने गरी उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्दै आर्थिक मितव्ययिता, नियमितता तथा प्रभावकारीताको सम्बन्धमा आवश्यक पहल गरी आगामी कार्यपालिका बैठकबाट टुङ्गोमा पुऱ्याउने।

**निर्णय नं. ८)** नेपाल विद्युत प्राधिकरण दैलेखबाट गुराँस गाउँपालिकाको नाममा जारी हुने विद्युत महशुल समयमै भुक्तानी गर्ने र पालिका अन्तर्गतको गुराँस सामुदायिक विद्युतिकरणका ग्राहकहरुबाट उठाउनु पर्ने महशुल निर्धारित समयमा नै उठाउने। साथै विद्युत शाखामा दैनिक ज्यालादारीको रुपमा कार्यरत रही तलब भत्ता पाउन बाँकी रहेका विद्युत कर्मचारी श्री कृष्ण रानाको तलब भत्ता नियमानुसार भुक्तानी गर्ने।

**निर्णय नं. ९)** यस पालिकाको वडा नं. ८ मा स्थायी ठेगाना भई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लोपोन्मुख राउटे नागरिकहरुको नेपाली नागरिकताको प्रमाणपत्र नहुँदा जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गर्न, अभिलेख राख्न, बैंक खाता खोली

२०८२/०६/२०

निरायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

सामाजिक सुरक्षा भत्ता खातामा नै प्रविष्टी गर्न तथा अन्य सेवा सुविधा प्रदान गर्न असहज भएको हुँदा नेपालको संवैधानिक व्यवस्थाअनुसार नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नको लागि आवश्यक व्यवस्था तथा सहजिकरण तथा पहल गरिदिनको लागि जिल्ला प्रशासन कार्यालय, दैलेखलाई पत्राचार गर्ने।

**निर्णय नं. १०)**

क) मिति २०८१ भदौ २७ गते देखि मिति २०८२ असोज १ गते सम्म यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा रही सरुवा हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री दिल बहादुर पौडेललाई पालिकामा कार्यसम्पादनमा क्रममा गर्नु भएको सहयोगको लागि हार्दिक धन्यबाद दिने।

ख) आजको ५४ औं कार्यापालिकाको बैठकमा सहभागी हुन आउने क्रममा सवारी दुर्घटनामा परी घाइते हुनु भएका वडा नं. ७ का अध्यक्ष श्री नन्द वि.सी. ज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गरी उपचारमा आवश्यक सहयोग गर्ने।

ग) सूचनाको हक सम्बन्धी ऐन, २०६३ तथा जेन्जी युवा पुस्ताको मागलाई समेत ध्यानमा राखि पालिकाबाट सम्पादन गरिएका कार्यहरु त्रैमासिक रुपमा प्रकाशन गरी सेवा प्रवाह प्रभावकारी बनाउने।

घ) दिर्घ रोगीहरुका लागि यस आ. व.मा विनियोजित बजेट अन्तर्गतको कार्यक्रम संचालनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने।

ङ) समग्र पालिको कार्यसम्पादन मूल्यांकन सूचकको रुपमा रही बजेट, सेवा वितरण, पारदर्शिता, सुशासन मापनको सम्बन्धमा आवश्यक जानकारी दिने Local Governance Performance Assessment System (LGPAS) मा सूचक अनुसारको आवश्यक कागजात प्रविष्टी गर्नका लागि पूर्व तयारी सम्बन्धी कार्य गर्ने।

च) समाजका सबै उमेर, वर्ग, क्षेत्र तथा लिङ्गका नागरिकको हक हित तथा सुरक्षाका लागि पालिकाको सामाजिक दायित्व रहने हुँदा वडा नं. १ र ४ मा ज्येष्ठ नागरिक समाज कार्यालय स्थापना गर्न आवश्यक पहल गर्ने।

छ) श्री सिद्ध मालिका युवा क्लब गुराँस, ५ दैलेखको आर्थिक सहयोग गरिदिने पत्रका सम्बन्धमा उक्त क्लबलाई विविध खर्च शिर्षकबाट रु. १५ हजार उपलब्ध गराउने। पालिको सहमति तथा सम्झौता नगराई कुनै पनि स्थानमा सहभागि हुने खेलाडी तथा प्रशिक्षकलाई अब उप्रान्त कुनै पनि आर्थिक सहयोग नगर्ने तथा भुक्तानी नदिने।

डिलराज घर्ती
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

ज) वर्षादको समय (साउन, भदौ र असोज महिना) मा पालिका भित्रका सडकहरु बारम्बार बिग्रने, भत्कने हुँदा उक्त सडकहरुको मर्मत सम्भारका लागि वडा कार्यालयबाट सडक सुरक्षा कार्यदल छनौट गरी काममा लगाई पारिश्रमिक भुक्तानीका लागि पालिकामा प्राप्त फाइलहरुका सम्बन्धमा विनियोजित बजेट शिर्षक <u>*हामी बनाउँछौं हाम्रो सडक*</u> बाट भुक्तानी दिने।

झ) आ.व. २०७५।०७६ देखि हालसम्म विभिन्न वित्तीय संस्थाहरुलाई साझेदारी अनुदान वितरण भएकोमा उक्त संस्थाहरुले हाल सम्म के-कति रुपमा व्यावसायिक प्रगति एवम् बुझाउनु पर्ने किस्ता सम्बन्धी विवरण के-कसरी बुझाएका छन् भन्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समिति गठन गरी २ महिना भित्र प्रतिवेदन पेश गर्ने।

<u>देहायः</u>

| | |
|---|---|
| उपाध्यक्ष श्री शिवा कुमारी खड्का | संयोजक |
| वडा अध्यक्ष श्री काशिराम शर्मा | सदस्य |
| वडा अध्यक्ष श्री दिपेन्द्र वली | सदस्य |
| वरिष्ठ लेखा अधिकृत श्री दिपक के.सी. | सदस्य |
| कृषि अधिकृत श्री निर्मल भुसाल | सदस्य |
| पशु विकास अधिकृत श्री पुरुषोत्तम कोजु श्रेष्ठ | सदस्य |
| शाखा अधिकृत श्री मदन प्रकाश मल्ल - | सदस्य सचिव |

ञ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार, काठमाडौंको च.नं. १०१, मिति २०८२।०५।२२ गतेको पत्रानुसार कार्यसम्पादनमा आधारित वित्तीय समानिकरण अनुदानको सिफारिस गर्ने प्रयोजनका लागि स्थानीय तहको कार्यसम्पादन मापन गर्न सूचकहरुको तपसिल बमोजिमको विवरण अनुमोदन गरी पेश गर्ने।

<u>तपसिलः</u>

CamScanner

| कार्यसम्पादन सूचकका लागी स्थानीय तहले आयोगमा पठाउनुपर्ने विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेशः कर्णाली | | जिल्लाः दैलेख | | | स्थानिय तहको नामः गुराँस गाउँपालिका | | | |
| आ.व. | | | | | | | | |
| सू.नं. | कार्यसम्पादन सूचक | | | | | | | कैफियत |
| | | पेश गरेका मिति | | | नगरेका | | | |
| १ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रतयेक वर्षको सार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सबन्धित गाउँ सभा र नगरसभामा पेश गरे/नगरेको | २०८२।०३।१० | | | | | | |
| | | पारित गरेको मिति | | | नगरेको | | | |
| २ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आथिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको । | २०८२।०३।३० | | | | | | |
| ३ | स्थानिय तहले घर जग्गा रजिस्ट्रेसन शुल्क, मनोरन्जन कर तथा बिज्ञापन कर वापत उठेको रकम मध्य प्रदेश सरकारलाइ दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गरे/नगरेको । | महिना | गरेको/ नगरेको | जम्मा सकलन भएको रकम | ४० प्रतिशतले | जम्मा गरेका कुल रकम रु | जम्मा गरेका मिति | |
| | | श्रावण | | | | | | |
| | | भाद्र | | | | | | |
| | | असोज | | | | | | |
| | | कार्तिक | | | | | | |
| | | मङ्सीर | | | | | | |
| | | पौष | | | | | | |
| | | माघ | | | | | | |
| | | फाल्गुन | | | | | | |
| | | चैत्र | | | | | | |
| | | वैशाख | | | | | | |
| | | ज्येष्ठ | | | | | | |
| | | असार | गरेको | ४६५४०० | १८६१६० | १८६१६० | २०८२।०३।२१ | |

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
रानीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

<table>
<tr><td rowspan="2">४</td><td rowspan="2">स्थानिय तहले आगामी आ.व. २०८३।०८४ लागि आय व्ययको प्क्षेपण गरिएको तथ्याङ्क सहितको विवरण आ. व. २०८२।०८३ को पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/ नगरेको ।</td><td colspan="3">गरेको/नगरेको</td><td colspan="3">पेश गरेको मिति</td></tr>
<tr><td colspan="3">गरेको</td><td colspan="3">२०८२।०३।१०</td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">स्थानिय तहले आ.व. २०८१।०८२ को बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम।बन्धी विवरण चालू आ.व. २०८२।०८३ को कार्तिक मसान्तभित्र सार्वजनिक गरे/ नगरेको ।</td><td colspan="3">गरेको/नगरेको</td><td colspan="3">गरेको मिति</td></tr>
<tr><td colspan="3">गरेको</td><td colspan="3">२०८२।०४।</td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">स्थानिय तहले आ अधीकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था ।</td><td>आ.व.(२०८१/०८२) को रजश्व संकलनको प्क्षेपित लक्षय रु</td><td colspan="2">यथार्थ राजश्व संकलन रकम रु.</td><td>प्रगती प्रति</td><td>आ. व (२०८०/०८१) मा स्कलन भएको राजश्व रकम रु</td><td>राजश्व वृद्धिको प्रतिशत</td></tr>
<tr><td>२,१३,००,०००.००</td><td colspan="2">१,०८,८२,५२७.००</td><td>५१.०९%</td><td>१,१४,५१,७३०.००</td><td>-४.९७%</td></tr>
<tr><td rowspan="2">७</td><td rowspan="2">स्थानिय तहको गत आ.व. २०८१।०८२ को विनियोजित रकम अनुसार खर्चको अवस्था</td><td>कुल विनियोजित रकम रु</td><td colspan="2">कुल खर्च रकम रु</td><td>खर्च प्रतिशत</td><td>कुलपुँजिगत विनियोजित रकम रु</td><td>कुल पुजिंगत खर्च रकम रु.</td></tr>
<tr><td>५५,३१,१९,२११.००</td><td colspan="2">४४,४९,१९,४७१.००</td><td>८०.४३%</td><td>१४,६९,९१,७११.००</td><td>१०,१७,४६,०५४.००</td></tr>
<tr><td rowspan="2">८</td><td rowspan="2">गत आर्थिक वर्ष भन्दा अघिल्लो आ. व. को अन्तिम लेखापरिक्षणबाट औल्याएको बेरुको अवस्था ।</td><td>लेखापरिक्षण गरिएको आ.व</td><td colspan="2">लेखापरिक्षण भएको रकम रु</td><td colspan="2">कायम भएको बेरुजु रकम रु</td><td>बेरुजु प्रतिशत</td></tr>
<tr><td>२०८०/०८१</td><td colspan="2">१,१९,०८,८७,९४५.००</td><td colspan="2">३,१२,९७,५०९.००</td><td>६.००%</td></tr>
</table>

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
रानामता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | म. ले. नि का. ले प्रयोगमा ल्याएको स्थानिय सचित कोष व्यवस्थापन प्राणाली(SUTRA) को प्रयोग स्थानिय तहहरुले पुर्ण रुपमा गरी आवश्यक विवरण | गरेको | २०७६/०७७ देखी लागु गरेको | | | |
| १० | स्थानिय तहले आ अधीकार क्षेत्रभित्रा विषयमा स्थानीय स्तरको विकासका लागी आवधिक योजना तर्जुमा गरे/नगरेको। | गरेको/नगरेको | योजनाको अवधी | | मिति | |
| | | गरेको | २०८१/०८२- ०८५,०८६ | | २०८१ | |
| ११ | आ.व. २०८१।०८२ कक्षा १ देखी ८ सम्मको औषत खुद विद्यार्थी भर्ना दर । | विद्यालय जाने उमेरको बालवालिकाको संख्या | विद्यालयमा भर्ना भएका बालवालिकाको भर्ना संख्या | खुद भर्ना दर | | |
| | | ३८२२ | ३८२२ | ९५.४०% | | |
| १२ | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर | आ. व. २०८०।०८१ कक्षा ८ मा रहेका विद्यार्थीको संख्या | आ.व. २०८१।०८२ माकक्षा ९ मा रहेको विद्यार्थीका संख्या | खुद भर्ना दर | | |
| | | ५२३ | ५३७ | १००.००% | | |
| १३ | सामुदायिक विद्यालयबाट कक्षा १० को परिक्षामा सभागी कुल विद्यार्थी संख्याको तुलनमा कम्तिमा "डि" वा सो भन्दा उच्च ग्रेडसहित उत्तिर्ण विद्यार्थिको | जम्मा परिक्षामा सम्मिलित विद्यार्थ संख्या | १.६ CPA वा सो भन्दा मि ल्याउने विद्यार्थीका संख्या | | | |
| | | ४५६ | ११८ | २५.८८% | | |
| १४ | आ.व. २०८१।०८२ चार(४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात । | कुल गर्भवतीको संख्या | ४ पटक जाँच गर्नेको संख्या | | | |
| | | ३५५ | २७१ | | | |
| १५ | आ.व. २०८१।०८२ कुल प्रजनन संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात प्रतिशत । | कुल गर्भवतीको सख्या | स्वास्थ्य सस्थामा सुत्केरी हुनेको सख्या | | | |
| | | ३५५ | १८५ | | | |
| १६ | आ. व. २०८१/०८२ पुर्ण खोप ( वि सि जी, पोलियो, डिपिटि, हेपाटाइटिस, दादुरा, रुवेला, जापानिज इन्सेफिलाइटिस, टिडि) सुविधा लिए का २४ महिनासम्म उमेर समुहका बालबालिकाको अनुपात प्रतिशत । | २४ महिनासम्मका बालवालिकाको संख्या | खोप लगाउनेको बालबालिकाको सख्या | | | |
| | | ३४४ | ३३४ | पुर्ण खोप | | |

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
रोसीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | तयार गनेको | | | | प्रमाणित गनेको | | | |
| | नाम, थरः | | | | नाम, थरः | | | |
| | पदः | | | | पदः | | | |
| | दस्तखतः | | | | दस्तखतः | | | |
| | मितिः | | | | मितिः | | | |

२०८२/०६/३०

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३